## मिति : २०७६/०९/२९ गतेको नगरकार्यपालिका बैठकको निर्णयको प्रमाणित प्रतिलिपि

प्रस्ताव नं.१ रोजगार संयोजक पदपुर्ती समिति गठन सम्बन्धमा ।

निर्णय नं. १ रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद-३, बुँदा नं.६ बमोजिमको रोजगार संयोजक पदपूर्ति समिति नगर कार्यपालिकाको कार्यालयको तर्फबाट कार्यपालिकामा अनुमोदन गर्ने गरी गरिएको प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ सरसफाई व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. २ भानु नगरपालिकाद्वारा मिति २०७६/०५/१९ गते प्रकाशित सूचना बमोजिम नकुहिने फोहर निकासी सम्बन्धी प्रस्ताव आव्हान गरिएकोमा नर्थ फिल्ड प्राङ्गगरिक मल कारखानाले पेश गरेको प्रस्तावलाई स्वीकृत गर्ने तथा फोहोर व्यवस्थापन कार्यका लागि नगर सभाद्वारा तोकिएको दरमा सेवा शूल्क लगाउने साथै शूल्क नतोकिएको हकमा पछि शूल्क निर्धारण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.३ मर्स्याङ्गदी नदिको घाटहरुमा IEE सम्बन्धमा

निर्णय नं. ३ नगरक्षेत्र भित्रका नदि तथा खोलाहरुमा नदिहरुमा रहेका घाटहरुको ढुंगा, गिटी, बालुवा लगायतको नदिजन्य पदार्थ उत्खनन तथा बिक्रि वितरणका लागि प्रारम्भिक वातावरणीय परीक्षणको अवधि चालु आ.व. बाट समाप्त हुने भएकोले आगामी आ.व. देखि पुन: सञ्चालन गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.४ नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

निर्णय नं. ४ चालु आर्थिक वर्षका लागि नियमित छैठौ नगर सभा २०७६/१०/२७ गते गर्ने निर्णय गरियो । उक्त नगरसभा सञ्चालनमा आवश्यक विषयवस्तु छलफल तथा स्वीकृतीका लागि सबै विषयगत समितिहरुको वैठकमा छलफल गरि सम्बन्धित क्षेत्रका ऐन, नियम, कार्यविधि निर्देशिकाहरुको मस्यौदा प्रतिवेदन सहित मिति २०७६/१०/२० कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.५ राजस्व दाखिला सम्बन्धमा

निर्णय नं. ५ नगरपालिकाको सबै वडाहरुमा संकलित राजस्वहरु नियमित रुपमा राजस्व खातामा दाखिला गराउन सम्बन्धित वडा अक्ष्यक्षहरुले अनुगमन र आवश्यक समन्वय गरि राजस्व दाखिला कार्य व्यवस्थित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ बहुउद्देश्यीय भवन निर्माण सम्बन्धमा ।

निर्णय नं. ६ क) वडा नं. १ मा निर्माण गरिने नगरपालिकाको बहुउद्देयीय भवनका लागि तयार गरिएको DPR (विस्तृत परियोजना प्रतिवेदन) बमोजिम तोकिएको लागत तथा पछि परीमार्जन हुने लागत समेत व्यवस्थापन हुने गरि नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

ख) बहुउद्देयीय भवन प्रस्तावित जग्गा नेपाल सरकारको नाममा रहेको हुनाले भानु नगरपालिकाले प्रयोग गर्ने गरि सम्बन्धित निकायमा आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.७ इट्टा उद्योग सञ्चालन सिफारिस सम्बन्धमा ।
निर्णय नं. ७ भानु न.पा. वडा नं. २ मा स्थापना गरि सञ्चालन गर्ने गरि घरेलु विभाग, घरेलु तथा साना उद्योग विकास समिति तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा सिफारिस गरिदिन श्री राम इट्टा उद्योगका तर्फबाट रामदेव पन्थले दिनु भएको निवेदन सम्बन्धमा उक्त उद्योग स्थापना र सञ्चालनका लागि दर्ता सिफारिश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८ कर्मचारी दरबन्दी मिलान सम्बन्धमा ।
निर्णय नं. ८ क) भानु नगरपालिका नगरपालिकाको कार्यालय अन्तरगत सहायक स्तर पाचौ (प्रशासन) तर्फ दरबन्दि संख्या ११ (एघार), सहायक स्तर पाचौ (लेखा) तर्फ १ (एक) तथा सहायक स्तर चौथो ( प्रशासन) तर्फ ८ (आठ) मध्ये सहायक स्थर पाचौ (प्रशासन) तर्फ ६ जना र सहायक स्तर चौथो ( प्रशासन) तर्फ ६ जना पदपुर्ति भई क्रमश: ५ (पाँच) र २(दुई) जना रिक्त रहेको अवस्थामा तपशीलको बमोजिम कर्मचारीहरुलाई साविक कै पदनाम, तह, सेवा, सुविधा कायम रहने गरि सहायक स्तर (पाचौ) तहको दरवन्दिमा मिलान गरि २०७७ आसाढ मसान्त सम्मका लागि निरन्तरता दिने निर्णय गरियो ।
तपशील:

| सि.न. | नाम | तह/पद | मिलान हुने रिक्त दरवन्दि |
|---|---|---|---|
| १. | ज्ञानु बोहोरा | सहायक स्तर चौथो (प्रशासन) | सहायक स्तर (पाचौ) (प्रशासन) |
| २. | दिपक तिवारी | सहायक स्तर चौथो (प्रशासन) | सहायक स्तर (पाचौ) (प्रशासन) |
| ३. | संगीता श्रेष्ठ | सहायक स्तर चौथो (प्रशासन) | सहायक स्तर (पाचौ) (प्रशासन) |
| ४ | श्रवण श्रेष्ठ | सहायक स्तर चौथो (प्रशासन) | सहायक स्तर (पाचौ) (प्रशासन) |
| ५. | जित बहादुर घर्ती | सहायक स्तर चौथो (प्रशासन) | सहायक स्तर (पाचौ) (प्रशासन) |
| ६. | तारा बुढाथोकी | सहायक स्तर चौथो (प्रशासन) | सहायक स्तर (पाचौ) (लेखा) |

ख) कार्यालयको सेवा प्रवाह तथा कार्यसम्पादनमा प्रभाव नपार्ने उद्देश्यले प्राविधिक दरवन्दि तर्फ रिक्त इन्जिनीयर नवौ/दशौ तहको दरवन्दिमा साविक कै पदनाम, तह, सेवा, सुविधा कायम गर्ने गरि इन्जिनीयर लक्ष्मण पौडेलको दरवन्दी मिलान गर्ने निर्णय गरियो ।

ग) माथि उल्लेखित दरवन्दिहरु रिक्त रँहदा कार्यालयको सेवा प्रवाह तथा कार्यसम्पादनमा गम्भीर प्रभाव पर्ने देखिएकोले लोकसेवाबाट सिफारिस भई पदपूर्ति भएको अवस्थामा कार्यसम्पादन तथा जेष्ठता र अनुभवको आधारमा अवकास गर्ने प्रक्रिया अवलम्बन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९ सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।
निर्णय नं. ९ सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा तपशिल बमोजिमको सदस्यहरु मनोनय गर्ने निर्णय गरियो ।

क) सदस्य महिला कार्यपालिका सदस्य मध्येबाट - मैया बि.क.

ख) विद्यालयका सम्पर्क शिक्षकहरु मध्येबाट २ जना सदस्यहरु

अ) होम राज लोहनी शिक्षा सदनका सम्पर्क शिक्षक प्रतिनिधि

आ) हिमालय मा.वि. सम्पर्क शिक्षक प्रतिनिधि

प्रस्ताव नं. १० विज्ञान शिक्षकको पदपुर्ति सम्बन्धमा ।
निर्णय नं. १० नगर शिक्षा समितिको सिफारिस बमोजिम नगरपालिका भित्र रहेका विद्यालयहरुमा रिक्त रहेका विज्ञान शिक्षक दरबन्दिमा शिक्षक लाइसेन्स प्राप्त गर्न कठिनाई भएको कारण लाइसेन्स नभएको भएता पनि शैक्षिक योग्यता पुगेका व्यक्तिहरुलाई पदपुर्ति गर्न सकिने निर्णय गरियो ।